# माध्यमिक शिक्षा परीक्षा कक्षा १० को तयारी सम्बन्धी
# पत्रकार अन्तरक्रिया, २०७४

२०७४ चैत्र ४ गते बिहान ११:०० बजे

स्थानः राष्ट्रिय परीक्षा वोर्ड, सानोठिमी भक्तपुर

पत्रकार मित्रहरु,

शैक्षिक सत्र २०७४ को माध्यमिक शिक्षा परीक्षा, (एसईई) कक्षा १० यही चैत्र ८ गते विहान ८:०० बाट सञ्चालन हुँदैछ । यस परीक्षालाई व्यवस्थित, मर्यादित र अनुशासित रूपमा सञ्चालन गर्न स्थानीय, प्रादेशिक तथा संघीय तह र पदाधिकारी, समस्त राजनीतिक दल, पेसागत संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायतका परीक्षा सञ्चालनमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सबै सरोकारवालाहरुबाट निम्नानुसारका विषयमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुर्याउनका लागि अनुरोध छ ।

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७३।३।१६ को बैठकले कक्षा १० को परीक्षाको व्यवस्थापन तत्कालका लागि परीक्षा नियन्त्रण कार्यालयले गर्ने निर्णय गरेबमोजिम कक्षा १० को परीक्षाको व्यवस्थापन परीक्षा नियन्त्रण कार्यालयबाट गरिँदै आएको र आगामी वर्षदेखि प्रदेशस्तरमा सञ्चालन गर्ने तयारी सुरु भएको छ ।

शिक्षा मन्त्रालयको मिति २०७३।७।१८ को निर्णयानुसार गत वर्षदेखि नै कक्षा १० को परीक्षाको नाम परिवर्तन भई माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (**Secondary Education Examination (SEE) Grade 10)** कायम भएको विदितै छ । आगामी २०७४ चैत ८ गतेदेखि (साधारण धारतर्फको १७ गतेसम्म र प्राविधिक धारतर्फको २० गतेसम्म) (बिहान ८ बजेबाट) सञ्चालन हुने यस वर्षको उक्त माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षाको तयारी सम्बन्धमा निम्नानुसारका कार्य सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

परीक्षा सम्बन्धी विवरण

| सि.नं. | प्रदेश नं. | केन्द्र संख्या | नियमित | | | एक्जाम्टेड | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | साधारण | प्राविधिक | जम्मा | साधारण | प्राविधिक | जम्मा | |
| १ | १ नम्बर | 374 | 77524 | 1605 | 79129 | 5161 | 0 | 5161 | 84290 |
| २ | २ नम्बर | 262 | 63647 | 1574 | 65221 | 5181 | 0 | 5181 | 70402 |
| ३ | ३ नम्बर | 404 | 105076 | 1576 | 106652 | 1670 | 0 | 1670 | 108322 |
| ४ | ४ नम्बर | 217 | 47298 | 845 | 48143 | 810 | 1 | 811 | 48954 |
| ५ | ५ नम्बर | 318 | 74355 | 1598 | 75953 | 3298 | 0 | 3298 | 79251 |
| ६ | कर्णाली | 168 | 34147 | 607 | 34754 | 3819 | 19 | 3838 | 38592 |
| ७ | ७ नम्बर | 213 | 50734 | 929 | 51663 | 4112 | 0 | 4112 | 55775 |
| | कुल जम्मा | **1956** | **452781** | **8734** | 461515 | **24051** | **20** | **24071** | **485586** |

परीक्षा तयारी सम्बन्धमा सम्पन्न भएका कार्यहरू -

१. यस वर्षको माध्यमिक शिक्षा परीक्षा कक्षा १० का लागि आवश्यक प्रश्नपत्र , उत्तरपुस्तिका लगायतका परीक्षा सञ्चालनमा आवश्यक सामग्री सम्बन्धित जिल्लामा र जिल्लाबाट पनि सम्बन्धित परीक्षा केन्द्रसम्म पुर्याइसकिएको छ ।

२. जिल्लामा जिल्ला परीक्षा समन्वय समितिको निर्णयानुसार केन्द्राध्यक्ष नियुक्ति , सुरक्षा व्यवस्था, अनुगमन कार्ययोजना लगायतको व्यवस्था मिलाइसकिएको छ ।

३. यस वर्षको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षामा सम्मिलित हुने ४ ,८५,५८६ परीक्षार्थीका लागि १९५६ केन्द्रमा १९५६ केन्द्राध्यक्ष, २४५० सहायक केन्द्राध्यक्ष, २०,३४० निरीक्षक, १०,६७६ सहयोगी र २९३४० सुरक्षाकर्मी गरी जम्मा ६४,७६२ जनशक्ति परिचालित हुनेछ ।

४. यस वर्ष माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१ अनुसार नयाँ पाठ्यक्रम अनुसारका प्रश्नपत्रका आधारमा परीक्षा सञ्चालन गरिँदैछ । यसअनुसार अनिवार्य विषयतर्फ गणितबाहेक बाँकी सबैमा प्रयोगात्मक परीक्षाको व्यवस्था रहेको छ । यस्तो प्रयोगात्मक परीक्षाको व्यवस्थापन सम्बन्धित विद्यालय र विषय शिक्षकबाटै नै हुनेछ ।

५. अनुत्तीर्ण परीक्षार्थी र अक्षराङ्कन पद्दतिको नतिजामा विभिन्न विषयमा 'सी' ग्रेड वा सो भन्दा तल्लो ग्रेड प्राप्त भई ग्रेडवृद्धि परीक्षामा समेत ग्रेडवृद्धि गर्न नसकेका परीक्षार्थीका लागि समेत एक्जेम्टेड परीक्षार्थीका रुपमा परीक्षा दिने व्यवस्था गरिएको छ ।

६. केही परीक्षार्थीहरूले एकभन्दा बढी विद्यालय र जिल्लाबाट रजिष्ट्रेसन र आवेदन फाराम भरेको देखिएकोमा सत्यतथ्य यकिन गर्न सार्वजनिक सूचना फागुन १० गतेको गोरखापत्रमा प्रकाशन गरिसकिएको छ । दोहोरो फाराम भरेको प्रमाणित भएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा रद्द गर्नेतर्फ कारवाही सुरु हुनेछ ।

७. सबै प्रदेश समेटिने गरी राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारीहरु तथा शिक्षा मन्त्रालयमार्फत् सहसचिवको नेतृत्वमा अनुगमन टोली, क्षेत्रीय शिक्षा निर्देशनालयमा आफ्नो क्षेत्रभित्र अनुगमन टोली र जिल्लामा परीक्षा समन्वय समितिका पदाधिकारी एवं जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरुको अनुगमन टोलीले परीक्षा सञ्चालन अवधिमा परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित गर्ने र अमर्यादित कार्य गर्ने वा गर्न उक्साउने जो-कोहीलाई स्थलगत रूपमै कारबाही गर्न सक्ने गरी अनुगमन-निरीक्षणको व्यवस्था मिलाइएको छ ।

८. रजिष्ट्रेसन-आवेदन फारामको विवरण सम्बन्धित जिल्लाबाटै कम्प्युटरमा इन्ट्री गर्दा हुन सक्ने त्रुटि निराकरणका लागि परीक्षा सकिएकै दिन परीक्षार्थीलाई निजको विवरण उल्लेख भएको 'मेमो' उपलब्ध गराउने र त्यसमा कुनै त्रुटि भेटिएमा जि.शि.का.मार्फत् सङ्कलन गरी नतिजा प्रकाशनअघि नै त्यस्तो त्रुटि सच्याउने व्यवस्थालाई यस वर्ष पनि निरन्तरता दिइएको छ ।

९. २०७२ बाट सुरु भएको अक्षराङ्कन पद्धतिबाट नतिजा प्रकाशन गर्ने व्यवस्था यस वर्ष पनि यथावत् रहेको छ ।

१०. समग्रमा परीक्षा नियन्त्रण कार्यालयले परीक्षाका लागि गर्नुपर्ने आन्तरिक तयारी कार्यहरु सम्पन्न गरिसकेको छ ।

परीक्षा सञ्चालनमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सबै सरोकारवालाहरुबाट परीक्षालाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन निम्नानुसारका विषयमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुर्याउनका लागि अनुरोध छ —

- स्थानीय तह र पदाधिकारी, शिक्षकहरूका पेसागत संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीका संघ-संस्था, पत्रकारसमेतका प्रतिनिधि तथा प्रशासन एवं सुरक्षा निकायको संयुक्त बैठक बसी परीक्षालाई मर्यादित र अनुशासित बनाउने सम्बन्धमा छलफल गरी जिल्ला परीक्षा समन्वय समितिले जिल्ला स्तरमा आचार -संहिता निर्माण गरी कार्यान्वयन गर्ने ।
- केन्द्र तथा जिल्लास्तरबाट नियमित अनुगमनको व्यवस्था गरिने र अनुगमनको क्रममा परीक्षाको मर्यादा -विपरीत कार्य गर्ने वा गर्न उक्साउने जो -कोहीलाई ऐन, नियम तथा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने । यस्तो कार्य गर्ने परीक्षा केन्द्र वा परीक्षार्थीको परीक्षासमेत रद्द गर्न सकिने ।
- केन्द्रीय निकायमा रहेका सबै सरोकारवाला संस्थाहरूले परीक्षालाई अनुशासित , मर्यादित र व्यवस्थित बनाउने सम्बन्धमा आवश्यक सहयोग पुर्याउने र त्यसका लागि मातहतलाई निर्देशनसमेत दिने ।
- परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक केन्द्रमा केन्द्र विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा अभिभावकसमेतको सहभागितामा परीक्षा केन्द्र स्तरमा आचार -संहिता निर्माण गर्ने र परीक्षा सञ्चालनमा खटिने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी लगायत सबैले आचार-संहिताको पूर्ण पालना गर्ने-गराउने ।
- परीक्षा केन्द्रको तोकिएको क्षेत्रभित्र भिडभाड हुन नदिने र परीक्षामा सम्बन्धित बाहेक अरूलाई प्रवेशमा रोक लगाउने व्यवस्था मिलाउने ।
- परीक्षार्थीहरूले साथमा ल्याएका पुस्तक , नोट, गाइड आदि सामग्री परीक्षा हलभित्र लैजान नपाउने व्यवस्था मिलाउनुपर्ने ।
- परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि परीक्षार्थीको खानतलासी गर्ने व्यवस्था मिलाउने ।
- परीक्षामा अनियमित कार्य गर्न संलग्न भएमा त्यस्ता व्यक्तिहरूको सूची तयार गरी आगामी दिनका कामहरू र जिम्मेवारी दिँदा त्यसलाई आधार बनाई कार्यान्वयन गर्ने ।

अन्तमा, परीक्षा सम्बन्धी तयारी तथा अन्य आवश्यक जानकारी आवश्यक भएमा परीक्षा नियन्त्रण कार्यालयबाट लिन सकिने व्यहोरासमेत अनुरोध छ ।

धन्यबाद

### वि. सं. २०७० देखि २०७४ सम्मको तुलनात्मक परीक्षार्थी विवरण

**क. नियमित तर्फ (साधारण धार):**

| YEAR | CENTRES | SCHOOL | STUDENTS | | | HIGEST NUMBER | | LOWEST NUMBER | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | BOYS | GIRLS | TOTAL | DISTRICT | NO. | DISTRICT | NO. |
| 2074 | 1956 | 9988 | 221805 | 230976 | 452781 | KATHMANDU | 35468 | MANANG | 56 |
| 2073 | 1923 | 9834 | 230880 | 233863 | 464743 | KATHMANDU | 35510 | MANANG | 62 |
| 2072 | 1943 | 9615 | 225346 | 227535 | 452881 | KATHMANDU | 35729 | MANANG | 63 |
| 2071 | 1861 | 9263 | 204712 | 205725 | 410437 | KATHMANDU | 33044 | MANANG | 59 |
| 2070 | 1836 | 9187 | 202690 | 197774 | 400464 | KATHMANDU | 30945 | MANANG | 61 |

**ख. एक्जम्टेड तर्फ (साधारण धार):**

| | EXEMPTED | | |
|---|---|---|---|
| YEAR | NO of SLC CANDIDATES | | |
| | NO of BOYS | NO of GIRLS | TOTAL NO |
| 2074 | ९२३४ | १४८१७ | २४०५१ |
| 2073 | 7326 | 11583 | 18909 |
| 2072 | 62381 | 97036 | 159417 |
| 2071 | 59246 | 86005 | 145251 |
| 2070 | 60823 | 86125 | 146948 |

**ग. प्राबिधिक धारतर्फ :**

| YEAR | SCHOOL | REGULAR | | | EXEMTED | | |
|---|---|---|---|---|---|---|---|
| | | BOYS | GIRLS | TOTAL | BOYS | GIRLS | TOTAL |
| 2074 | 240 | 5399 | 3335 | 8734 | 13 | 7 | 20 |
| 2073 | 101 | 2218 | 1439 | 3657 | 21 | 25 | 46 |
| 2072 | 101 | 1982 | 1273 | 3255 | | | |
| 2071 | 100 | 2039 | 1254 | 3293 | | | |

**परीक्षा सञ्चालन व्यवस्थापनसम्बन्धी व्यवस्था**

- परीक्षा केन्द्रमा एक केन्द्राध्यक्ष र आवश्यकता अनुसार अन्य जनशक्ति रहनेछन् ।
- जिल्ला प्रहरी कार्यालयमा रहेको प्रश्नपत्रको सिलबन्दी प्रश्नपत्र प्याकेट परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त कन्ट्रोल लिस्टअनुसार केन्द्रगत र दैनिक विषयगत रूपमा भए–नभएको जिल्ला शिक्षा अधिकारी वा निजको प्रतिनिधिको रोहवरमा रुजु गरी केन्द्राध्यक्षले बुझिलिनुपर्नेछ र नपुग भएमा सम्बन्धित निकायमा छिटो साधनद्वारा खबर गर्नुपर्नेछ ।
- परीक्षा सञ्चालनका अवधिमा केन्द्राध्यक्षले प्रत्येक दिनको सामग्री झिकिसकेपछि बाँकी सामग्रीको मूल पोकामा दैनिक रूपमै आफ्नो पहिचानको सिलबन्दी गरी सुरक्षा निकायमै राख्नुपर्नेछ ।
- केन्द्राध्यक्षले परीक्षार्थी सङ्ख्याको आधारमा उत्तरपुस्तिकाहरू जिल्ला शिक्षा कार्यालयबाट बुझिलिने र उत्तरपुस्तिकाको दुरुपयोग हुन नदिने कुराको सुनिश्चित गर्नुपर्नेछ ।
- परीक्षा केन्द्रको हाताभित्र परीक्षार्थी, परीक्षा सञ्चालनसम्बन्धी अधिकृत तथा कर्मचारीबाहेक अरूलाई प्रवेश गर्न नदिने व्यवस्था गर्नुपर्नेछ ।
- परीक्षा भवनमा प्रवेश गर्नुअगाडि परीक्षार्थीको खानतलासी ग री परीक्षार्थीहरूले साथमा ल्याएका पुस्तक, नोट, गाइड आदि सामग्री परीक्षा हलभित्र लैजान नपाउने व्यवस्था मिलाउनुपर्नेछ ।
- परीक्षा हलमा होहल्ला गर्ने , नक्कल गर्ने–गराउने जस्ता अमर्यादित काम गर्ने परीक्षार्थीलाई निष्कासनसम्मको कारवाही गर्नुपर्नेछ ।

- परीक्षामा नक्कल गर्ने परीक्षार्थीको उत्तरपुस्तिकाको मुखपृष्ठमा व्यहोरा लेखी सोही व्यहोरा समष्टिगत हाजिरी फारामको कैफियत महलमा समेत जनाई दस्तखत ग री उक्त उत्तरपुस्तिका छुट्टै पोकामा राखी प.नि.का.मा पठाउनुपर्नेछ ।
- परीक्षा समयमा कसैले अनियमित कार्य गरी निष्कासनसम्म गर्नुपर्ने स्थिति भएको , तर यसो गर्दा परीक्षा केन्द्रमा नै असर पर्न गई अरू परीक्षार्थीको परीक्षामा समेत बाधा उत्पन्न हुने सम्भावना देखिएमा परीक्षा सकिएपछि गोप्य रूपले केन्द्राध्यक्षले त्यस्तो अनियमित ता गर्ने परीक्षार्थीको परीक्षा रद्द गर्न सिफारिस गरी उत्तरपुस्तिकासमेत प.नि.का.मा पठाउनुपर्नेछ ।
- परीक्षार्थीको सट्टा अर्का व्यक्तिले परीक्षा दिएकोमा त्यस्ता व्यक्तिलाई परीक्षाबाट निष्कासन गरी प्रचलित कानुनबमोजिम कारवाही गर्न जिल्ला प्रशासन कार्यालयमा र वास्तविक परीक्षार्थीका सबै विषयको परीक्षा रद्द गर्नका लागि प.नि.का.मा लेखी पठाउनुपर्नेछ ।
- परीक्षा हलमा एकले अर्को परीक्षार्थीको उत्तरपुस्तिकाबाट सार्न लागेको वा आफ्नो उत्तरपुस्तिका अरूलाई सार्न लगाउने प्रयास गरेकोमा त्यस्ता परीक्षार्थीको सो एक दिनको परीक्षा र चेतावनी दिँदादिँदै पनि अटेर गरी पुनः त्यस्तो कार्य गरेकोमा त्यस्ता परीक्षार्थीको पुरै विषयको परीक्षा रद्द गर्न प.नि.का.मा लेखी पठाउनुपर्नेछ ।
- परीक्षा केन्द्रको वातावरणलाई खलल पार्ने गरी अवाञ्छनीय एवम् उच्छृंखल कार्य गरेमा त्यस्ता परीक्षार्थीको त्यस वर्षका सबै विषयको परीक्षा रद्द गर्न परीक्षा नियन्त्रण कार्यालयमा लेखी पठाउनुपर्नेछ ।
- परीक्षा भवनभित्र अरू परीक्षार्थीलाई बाधा पर्ने गरी अवाञ्छित व्यवहार गर्ने , दिइएको निर्देशन बेवास्ता गर्ने परीक्षार्थीको पुरै परीक्षा रद्द गर्न कार्यालयसमक्ष लेखी पठाउनुपर्नेछ ।
- जोखिमपूर्ण हातहतियार साथ लिई परीक्षा केन्द्रमा प्रवेश गर्ने , मादक पदार्थ सेवन गरी अनावश्यक होहल्ला गर्ने, हातपात गर्ने, परीक्षा चलेको अवधिभर वा त्यसपछि पनि रिसइबी साध्ने जस्ता कार्य गर्ने परीक्षार्थीलाई परीक्षाबाट निष्कासन गरी कारबाही गर्न जिल्ला प्रशासन कार्यालयमा र त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न प.नि.का.मा लेखी पठाउनुपर्नेछ ।
- परीक्षा भवनभित्र नक्कल गराउन सहयोग गर्ने निरीक्षक र कर्मचारीहरूलाई चेतावनी दिने , निष्काशन गर्ने र विभागीय कारवाहीका लागि सिफारिस गर्ने तथा बाहिरबाट आई उक्त कार्य गर्ने—गराउने व्यक्तिहरूलाई जिल्ला प्रशासन कार्यालयमार्फत् प्रचलित कानुनबमोजिम कारवाही गर्न सिफारिस गर्नुपर्नेछ ।
- परीक्षा सकिनासाथ सम्पूर्ण परीक्षार्थीको उत्तरपुस्तिका सङ्कलन गरी सिम्बोल नम्बरअनुसार क्रम मिलाई कपडाको थैलोमा सिलबन्दी गरी परीक्षा केन्द्रको नाम , उत्तरपुस्तिका सङ्ख्या, विषय, मिति उल्लेख गरी तोकेको स्थानमा बुझाई भरपाई लिनुपर्नेछ ।
- परीक्षार्थीले उत्तरपुस्तिका आफैं लगेमा वा च्यातेमा वा नष्ट गरेमा त्यस्ता परीक्षार्थीको विवरण चलानी फाराम, समष्टिगत फाराममा जनाई मुचुल्कासमेत तयार गरी जिल्ला शिक्षा कार्यालयमार्फत् परीक्षा नियन्त्रण कार्यालयमा लेखी पठाउनुपर्नेछ ।
- अपाङ्गताको प्रकृति हेरी निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयको निर्देशनमा सम्बन्धित केन्द्राध्यक्षले बढीमा १ घन्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउनुपर्नेछ ।
- सुस्तश्रवण-बहिरा परीक्षार्थीको सहयोग लागि आवश्यक परेमा जिल्ला शिक्षा कार्यालयको सिफारिसमा केन्द्राध्यक्षले परीक्षा सुरु भएको ३० मिनेटसम्म त्यस्ता परीक्षार्थी रहेको परीक्षा हलमा एक जना दोभाषे शिक्षकको व्यवस्था मिलाउन सक्नेछ । त्यस्ता दोभाषे शिक्षक परीक्षा सुरु भएको १ घण्टासम्म परीक्षा भवनबाट बाहिर नगई केन्द्राध्यक्षको निगरानीमा बस्नुपर्नेछ ।
- परीक्षा सकिए पछि परीक्षार्थीहरूको हाजिरी विवरण , समष्टिगत फाराम , परीक्षा सम्बन्धी सम्पूर्ण कागजात जिल्ला शिक्षा कार्यालयमार्फत् परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

शिक्षा ऐन २०२८ को दफा १७ (दण्ड सजाय) अनुसार निम्नानुसारका कार्य गरेमा १ लाख रुपैयाँसम्म जरिवाना वा छ महिना कैद वा दुवै सजाय हुने व्यवस्था :

- प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा,
- परीक्षा केन्द्रमा सम्बन्धित अधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा,
- परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा , गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा,
- अरूको तर्फबाट परीक्षा दिएमा, दिन लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा ।
- परीक्षाको मर्यादा भङ्ग हुने कुनै कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा ।